तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७५- ५२०१०१, ५२०१०९, ५२०१२१, ५२०८१३

पत्र संख्या :

च.नं.

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०।०६।१२**

तानसेन नगरपालिका पाल्पा र उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय लुम्बिनी प्रदेशसँगको सहकार्यमा वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न, वैदेशिक रोजगार सम्बन्धी सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०७।२०८०।०८१ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह) | कुल २ जना<br>खुला (१) जना<br>महिला (१) जना | ▪ न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ वर्षको कार्यानुभव भएको ।<br>▪ कम्प्यूटर सम्बन्धि आधारभुत ज्ञान तथा अनुभव (Word, Excell, power point, Email/internet आदि) भएको ।<br>▪ साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ । |
| २ | ०८।२०८०।०८१ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | खुला (१) जना (महिलालाई विशेष प्राथमिकता) | मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको मनोसामाजिक परामर्शकर्ता सम्बन्धी तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ । जुन निम्नानुसार छ :<br>▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/ बि.एड. स्वास्थ्य शिक्षा/ पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>▪ कम्प्यूटर सम्बन्धि आधारभुत ज्ञान तथा अनुभव (Word, Excell, power point, Email/internet आदि) भएको । |

कार्य अवधि: हाललाई २०८१ असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम :** लिखित, प्रयोगात्मक र अन्तरवार्ता

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया:**

लिखित परिक्षा, कम्प्युटर सिप परिक्षण र अन्तरवार्ता ।

**दरखास्त दिने मिति :** २०८०।०६।१२ देखी २०८०।०६।२६ सम्म कार्यालय समयमा । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिले दिन ।

प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका

जीवन ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत